जनप्रतिनिधि नहुँदा बेथिति

विकास बजेटमा पहुँचवालाकै रजाइँ

राजु अधिकारी
झापा, चैत १३

बिर्तामोड-खुदुनाबारी सडकमार्गको टाडटिड पुल। यो पुल निर्माण भएर पनि वर्षौंदेखि प्रयोगमा आउन सकेको छैन। *तस्बिर : राजु/नागरिक*

जिल्लाकै व्यस्तमध्येको भद्रपुर-धुलाबारी सडकखण्ड चार वर्षअघि कालोपत्रे भयो। तर, कालोपत्रे ६ महिना पनि टिकेन। डेढ किलोमिटरभन्दा बढी क्षेत्र कालोपत्रे उप्किएर खाल्डैखाल्डामा परिणत भयो। गाउँलेले बिग्रिएको सडक मर्मतका लागि पटकपटक नगरपालिका, गाविस र जिल्ला विकास समिति गुहारे। तर, सडक मर्मतका लागि कुनै निकायले एकै रूपैयाँ बजेट दिएनन्।

'सुरुमै मर्मत गरे थोरै खर्चमा हुन्छ, अरू भत्किँदै गयो भने राज्यकोषको भन् धेरै बजेट सकिन्छ भनेर दर्जनौंपटक जिविस धायौं', ज्यामिरगढी गाविस पूर्वअध्यक्ष नरप्रसाद लामिछाने भन्छन्, 'तर, हाम्रातिरबाट जिविस संयन्त्रमा कोही छैनन्, बजेट दिएनन्।' उमेरले ७० वर्ष पार गरिसकेका लामिछानेले थपे, 'स्थानीय निकायमा अहिले जनप्रतिनिधि छैनन्, दलका सीमित नेता र कर्मचारीको मनोमानी छ। उनै पहुँचवालाको रजाइँ छ।'

स्थानीय निकाय लामो समयदेखि जनप्रतिनिधिविहीन बन्दा विकासमा पहुँचवालाको बोलबाला चलिरहेको छ। जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिले केही वर्षयता दलका स्थानीय नेताको सहभागितामा योजना छनोट र बजेट विनियोजन गर्दै आएका छन्। संयन्त्रमा सहभागी नेताको प्रभावमा योजना छान्ने गरिन्छ। जसले सन्तुलित विकासको नारालाई कागजमा सीमित पारेको छ।

जनप्रतिनिधि नहुँदा संयन्त्रमा बस्ने अवसर पाएका नेता-कार्यकर्ताले त्यसलाई स्वार्थ अनुकूल उपयोग गरिरहेका छन्। विकास निर्माणलाई दलीय जस पाउने स्वार्थमा लगेर गाँस्ने नेता-कार्यकर्ताको यही कमजोरीले झापामा विकास कार्य पूरै प्रभावित छ। यसको सबैभन्दा ठूलो असर सडकमा परेको छ। जिल्लामा पछिल्लो पाँच वर्षको विकास गति केलाउँदा पनि विकास बजेटको अधिक हिस्सा सहरमै खर्च भएको छ। तर, गाउँ ओझेलमा परेको छ। 'हामी कर्मचारीलाई सबै अवस्था थाहा हुँदैन', झापा जिविसका एक कर्मचारीले भने, 'दलका नेताले छनोट गर्ने हो। यसले गाउँभन्दा सहरमा बढी लगानी भएको छ।'

अघिल्लो साता जिल्ला विकास समितिले प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा वार्षिक नीति कार्यक्रम सार्वजनिक गर्दा पनि यो गुनासो आयो। एमाओवादी सांसद मोहन टुडुले विकास बजेट विनियोजन न्यायपूर्ण नभएको गुनासो गरे। कार्यक्रममै बोल्ने क्रममा कानुनमन्त्री अग्नी खरेलले झापामा 'सन्तुलित विकास' हुन नसकेको स्वीकारे। 'यसमा जनप्रतिनिधि नहुँदा पनि धेरै असर परेको छ', उनको भनाइ थियो, 'विकास सन्तुलित ढंगले गर्नुपर्छ।'

उनको यो भनाइप्रति कागजी रूपमा सबै सहमत देखिन्छन्। तर, पहुँचवालाहरू निर्णय लिने बेलामा आफू अनुकूल योजना छान्छन्। बजेट र योजना छनौट कार्यमा दलीय स्वार्थ घुसेकै कारण वर्षौंसम्म पनि सडकलगायत पूर्वाधारमा स्तरोन्नति हुन सकेको छैन। बजेट विनियोजनका क्रममा पहुँचवालाको दबदबा हुँदा ग्रामीण क्षेत्रका सडक झन्झन् जीर्ण बन्दैछन्। नागरिक कष्टकर र जेखिमपूर्ण यात्रा गर्न बाध्य छन्। राजनीतिक पहुँच नहुँदा विकास निर्माणमा पछि परेको गुनासो गाउँका सर्वसाधारणको छ। भोट बैंकको राजनीतिले सहरकेन्द्रित विकास बजेट बढेको उनीहरूको भनाइ छ।

'सडक बिर्तामोडसम्म जोडिएको १५-२० वर्ष हुन लाग्यो', पथरिया-६ का नेत्र खतिवडाले भने 'तर, कालोपत्रे हुने छाटकाँट छैन।' उनका अनुसार सडक स्तरोन्नति अत्यन्तै सुस्त छ। कालोपत्रे गरिएको सडक पनि गुणस्तर नहुँदा ३ महिनाभन्दा बढी नटिक्ने उनी बताउँछन्। बिर्तामोड-बालुवाडी सडक खण्डको गरामनीदेखि हल्दीबारीसम्म केही ठीक रहेको उनले बताए। 'गरामनी चोकदेखि कालोपत्रे गरिएको केही किलोमिटर सडक ठीकै छ', उनले थपे, 'तर बाँकी सडकमा भगवानको नाम जप्दै यात्रा गर्नुपर्छ।' पटक-पटक जिविस गुहार्दा पनि माग सुनवाइ नभएको उनको भनाइ छ।

थोरै राजनीतिक 'स्पेस' बनाएपछि ग्रामीण क्षेत्रका दलका कार्यकर्ता गाउँ छाड्ने गरेका छन्। 'राजनीतिक खेल सहरमै हुन्छ, अवसर पनि सहरमै पाइन्छ', खतिवडा भन्छन्, 'जिल्लास्तरमा पुगेपछि

बजेट र योजना छनोटमा दलीय स्वार्थ घुसेकै कारण वर्षौंसम्म पनि सडकलगायत पूर्वाधारको स्तरोन्नति हुनसकेको छैन

दलका कार्यकर्ता सहरतिर लाग्छन्, अनि गाउँको विकास कसले गर्ने?' खतिवडाका अनुसार पछिल्लो समय सहरमुखी विकास बढेको छ। जनसंख्या धेरै हुने र 'भोट' केन्द्रित राजनीतिले विकासका योजना सहरमै बढी पर्छन्।

'जिविससम्म पुग्न सके पनि हाम्रो कुरा कर्मचारीले खाँदैनन्, मनपरी उनीहरूकै चल्छ', खतिवडाले भने, 'नागरिकको जिउज्यानको सबालमा पनि स्थानीय निकायले लाचारी देखाइरहेको छ।'

बिर्तामोड-जलथल-बालुवाडी, सडकखण्ड मात्रै होइन, गरामनी, हल्दीबारी सडक, बिर्तामोड-शनिश्चरे-खुदुनाबारी सडकको अवस्था पनि उस्तै छ। 'हो, चुनावका बेला भाषणमा यी सडकलाई हाम्रा सबै दलका नेताले रेडबुकमा पनि पारे, कालोपत्रे पनि गरिहाले', अर्जुनधाराकी ललिता राईले भनिन्, 'तर, निर्वाचन सकिएपछि सडकको विषयमा कसैलाई वास्तै छैन।' राईका अनुसार अर्जुनधारादेखि खुदुनाबारीसम्मको सडक ग्राभेल गरिए पनि खाल्डा परेर जोखिमपूर्ण छ। 'ग्राभेल सडक बेहाल छ, टाडटिडमा पुल छैन', उनले थपिन्, 'कालोपत्रे सडक पनि खाल्डा परेर हिँडिसक्नु छैन।' विकासका काम भइहाले आफूले गरेको र काम हुन नसके अर्को पार्टीका नेतालाई दोष लगाउने राजनीतिक दलका नेता कार्यकर्ताको प्रवृत्ति विकासमा अवरोध बन्ने गरेको उनको टिप्पणी छ।

झापाका सबै गाविसलाई सडकमार्गले जोडेकोछ। तर, नगरपालिका र मुख्य सडकमार्ग बाहेक अन्य क्षेत्रमा सडकको अवस्था ज्यादै दयनीय छ। जिल्ला विकास समिति, गाविस, नगरपालिकाले ग्राभेल र कच्ची सडकको स्तरोन्नति जिम्मा पाएका हुन्छन्। तर, ती निकायमा राजनीतिक दलका नेता र कर्मचारीको हालीमुहाली हुन्छ।

झापाका सबै नगर र गाविसमा गरी जम्मा २ सय किलोमिटर सडक कालोपत्रे भएको छ। सडक डिभिजन कार्यालय दमकका अनुसार करिब ३० प्रतिशत सडक ग्राभेल र कच्ची छ। 'रणनीतिक सडकको स्थिति ठीक छ', कार्यालयका इञ्जिनियर शम्भु आचार्यले भने - 'बाँकी ग्रामीण सडकको स्तरोन्नति र सुधार तत्कालै गर्नुपर्ने देखिन्छ।' आचार्यका अनुसार काँकडभिट्टादेखि पश्चिममा मावासम्मको ५५ किलोमिटर सडक कालोपत्रे छ।

मुख्य सडकमार्ग बाहेक दमक-बेलडाँगी ७ किलोमिटर, पाँडाजुगी गौरीगञ्ज २२ किलोमिटर, बिर्तामोड-शनिश्चरे-बुधबारे १३ किलोमिटर, बिर्तामोड-गरामनी-भद्रपुर सडक र चारआली-चिहानडाँडा १७ किलोमिटर कालोपत्रे भइसकेको छ। दमक-चिसापानी ३५ किलोमिटर सडक करिब आधा कालोपत्रे भएको आचार्यले उल्लेख गरे। 'बाँकी सडक स्तरोन्नतिको पर्खाइमा छन्', उनले भने, 'विकास कार्यमा बजेट विनियोजन गर्दा सबै क्षेत्रलाई समेट्न सके चाँडै बाँकी ग्राभेल र कच्ची सडकको काँचुली फेरिन सक्छ।'

तमू संस्कृति जोगाउन रकम संकलन

लमजुङ, चैत १३ (नागरिक)- गुरुङ (तमू) समुदायको क्होइँपो धिँ निर्माणका लागि सदरमुकाम बेसीसहरमा एकैदिन साढे ८ लाख रूपैयाँ संकलन भएको छ।

तमू प्ये ल्हु संघ, लमजुङ शाखाले तमूहरूको ऐतिहासिक थलो लमजुङमा प्ये ताँ ल्हु ताँ संरक्षण तथा प्रबर्द्धन गर्ने उद्देश्यले क्होइँपो धिँ निर्माणका लागि आयोजना गरेको कार्यक्रममा ८ लाख ५६ हजार रूपैयाँ संकलन भएको हो। गुरुङ समुदायले परम्परादेखि मान्दै, मनाउँदै आएका संस्कार, संस्कृति र रीतिरिवाज जर्गेना गर्न नयाँ पुस्तालाई सिकाउने घर (क्होइँपो धिँ) निर्माण गर्न रकम संकलन गरिएको हो। रकम संकलन कार्यक्रममा गौंडा गाविस-३, कल्तुङ घर भई अमेरिकामा कार्यरत् नन्दबहादुर तमूले आमा योमाया तमूको हातबाट ५ लाख रूपैयाँ तमू प्ये ल्हु संघका अध्यक्ष क्याप्टेन मिलबहादुर तमूलाई हस्तान्तरण गरे।

त्यस्तै दुबईमा कार्यरत मालिङका खुसीमान टु तमूले पत्नी बीचमाया तमूस्योमार्फत ५५ हजार ५ सय ५५, दुबईमै कार्यरत लमजुङ खुदी-३ का श्याम तमूले ५१ हजार १ सय ५१ रूपैयाँ पत्नी रिमा तमूस्योमार्फत संघलाई हस्तान्तरण गरे। मलेसियामा कार्यरत बाग्लुङपानी गाविस ५ नजरेका आसबहादुर तमूले ५० हजार १ सय ५० रूपैयाँ पत्नी देवमाया तमूमार्फत र कोरियामा कार्यरत बाग्लुङपानी, विम्दाका भीमराज तमूले ५० हजार ५ सय रूपैयाँ आमा पदमसरी तमूमार्फत प्रदान गरेका छन्। त्यस्तै, कतारमा कार्यरत् उत्तरकन्या गाविस ७ फूल्म्रोका गोपी तमूले ५० हजार १ सय ५१ रूपैयाँ उपलब्ध गराएका छन्।

चन्दादातालाई तमू प्ये ल्हु संघ केन्द्रीय समितिका अध्यक्ष क्याप्टेन रूपबहादुर गरब्ज तमू, जिल्ला अध्यक्ष क्याप्टेन मिलबहादुर तमूलगायतले सम्मान गरे। प्येल्हु संघ केन्द्रीय समितिको जिल्लाव्यापी कार्यक्रमअन्तर्गत रकम संकलन कार्यक्रम गरिएको केन्द्रीय अध्यक्ष तमूले बताए।

VACANCY ANNOUNCEMENT

SOS CHILDREN'S VILLAGES NEPAL
A loving home for every child

SOS Children's Villages Nepal is a non-political and non-denominational organization. It has been supporting children who have been orphaned, abandoned or whose families are unable to care for them. At present, there are 41 projects comprising of SOS Children's Villages, SOS Youth Facilities, SOS Hermann Gmeiner Schools, SOS Vocational Training Centers, SOS Social Centers, SOS Medical Centre and other facilities. To impart quality education to our students and to strengthen our team, we are looking for an energetic, young and dedicated candidate for the following full time position located in **SOS Hermann Gmeiner School Bharatpur.**

Job Position: Social Studies Teacher (1)

The Social Studies Teacher will be responsible for ensuring appropriate curriculum coverage, continuity and progression in respective subject area for all students. S/he should guide students by assessing the special educational requirement by offering best possible learning opportunities to enhance their skills.

Educational Qualification: Bachelors in Social Science or Education with at least three years' experience.

For the position mentioned above, candidates must be below 35 years of age, must be a Nepali citizen, expected to be proficient in written/spoken English and Nepali, and must be a computer literate with sound knowledge of MS office application. Candidates are expected to have excellent interpersonal skills with positive attitude.

SOS Children's Villages Nepal offers a competitive remuneration package including Provident Fund, Contributory Gratuity Fund at Citizen Investment Trust and other benefits as per the rules and regulation of the organization. Interested candidates are requested to apply with a cover letter, updated resume, copies of academic certificates, copy of citizenship certificate and recent passport sized photo by April 10, 2016 **(Chaitra 28, 2072)** to :

The Principal
SOS Hermann Gmeiner School Bharatpur
Post Box No. 21 Bharatpur, Chitwan
E-mail: hgs.bharatpur@sosnepal.org.np, Tel: +977-56-531287
URL: www.sosnepal.org.np, www.soshgsbharatpur.edu.np

Only short-listed candidates will be called for the further selection processes. SOS Children's Villages Nepal reserves the right to reject any or all the applications without assigning any reason whatsoever.

आपूर्ति रोकिँदा औषधि अभाव

किरणमान बज्राचार्य
कपिलवस्तु, चैत १३

जिल्लामा औषधि अभाव देखिएको छ। नियमित औषधि आपूर्ति नहुँदा मौज्दात औषधि रित्तिन पुगेको स्वास्थ्य संस्थाले जनाएका छन्। जिल्लामा जीवनजल, डाइजिनलगायत अत्यावश्यक औषधि अभाव छ।

मौज्दात औषधि रित्तिएपछि स्वास्थ्य संस्थाहरूमा औषधि पठाउन नसकिएको जिल्ला स्वास्थ्य कार्यालयको स्टोर फाँटले जनाएको छ। 'लामो समयदेखि क्षेत्रीय मेडिकल स्टोरले औषधि आपूर्ति नगरेकाले औषधि अभाव भएको हो,' स्टोरकिपर मेघनाथ खनालले भने, 'नाकाबन्दीले औषधि खरिद प्रक्रियासमेत ढिलो भएपछि झन् समस्या चुलिएको हो।' सिटामोल, आइरन चक्की, कुष्ठरोग र क्षयरोगविरुद्धको औषधि मात्रै केही मौज्दात रहेको स्वास्थ्य संस्थाहरूले जनाएका छन्।

स्वास्थ्य कार्यालयका अनुसार जिल्लाका तीन अस्पताल, दुई प्राथमिक उपचार केन्द्र, ६ दर्जन बढी स्वास्थ्य चौकीमा औषधि अभाव देखिएको छ।

स्वास्थ्य चौकीमा औषधि अभाव भएपछि उपचारमा समस्या आएको अभिराव स्वास्थ्य चौकीका अहेव शंकर बैठाले बताए। 'औषधि नहुँदा उपचारका लागि आएका बिरामीलाई त्यसै फर्काउनु परिरहेको छ,' उनले भने। गर्मी मौसम सुरुसँगै झाडापखाला, ज्वरो, आँखाका बिरामी उपचारका लागि आउने गरेको उनले बताए।

स्वास्थ्य कार्यालयका जनस्वास्थ्य प्रशासन प्रमु योगेन्द्र भगत औषधि आपूर्ति नभएकाले अभाव भएको बताउँछन्। 'केन्द्र र क्षेत्रबाट औषधि आपूर्ति नभएकाले अभाव भएको हो,' उनले भने, 'यो समस्या देशैभरि छ।' औषधि आपूर्तिका लागि केन्द्र तथा क्षेत्रमा माग गरिएको उनले बताए।

चुरे दोहन तीव्र

मदन ठाकुर
रौतहट, चैत १३

रौतहट, गैंडाटारस्थित चाँदी नदी किनारमा थुपारेर राखिएका ढुंगा। *तस्बिर : मदन/नागरिक*

सरकारले चुरे क्षेत्रबाट ढुंगागिटी उत्खनन तथा संकलनमा प्रतिबन्ध लगाए पनि रौतहटका विभिन्न खोला तथा चुरेक्षेत्रमा यो क्रम रोकिएको छैन। चन्द्रपुर नगरपालिकाको चुरेसँग जोडिएका विभिन्न क्षेत्रबाट दैनिक माफियाहरूले अवैधरूपमा ढुंगागिटी संकलन कार्य तीव्र पारेका छन्।

जिल्ला वन कार्यालय, रौतहटको लापरबाहीका कारण चुरे क्षेत्र तथा आसपासका नदी र खोलाबाट व्यापक ढुंगागिटी उत्खनन र चोरी निकासी भइरहेको छ। चन्द्रपुर नगरपालिका- २ गैंडाटारस्थित चाँदी नदीको किनारमा सयभन्दा बढी ट्रक ढुंगा संकलन गरेर माफियाले थुपारेर राखेका छन्।

चुरेका खोलाबाट केही ट्र्याक्टर व्यवसायी तथा निर्माण ठेकेदारले रातीको समयमा ढुंगा-बोल्डर संकलन गरिरहेको स्रोतले बतायो। गैंडाटार, भोलनटार, महादेवडाँडालगायत आसपास चुरे भएर बगेका खोलाबाट निकालिएको ढुंगा चाँदी नदीकिनारमा थुपारिएको छ।

जिल्ला वन कार्यालय प्रमुख श्रीभगवान् गुप्ताले चन्द्रनिगाहपुरदेखि उत्तर चाँदी नदीको बगरमा ढुंगा र बोल्डर संकलन गरी राखिएको बताए। उनले ढुंगागिटी अभावमा स्थानीय विकास निर्माण कार्य अवरुद्ध भएपछि चुरे फेदीको १ किलोमिटर दक्षिण भेगबाट ढुंगागिटी संकलन गर्न केन्द्रीय स्तरबाट परिपत्र प्राप्त भएको बताए। उनले

चुरेका प्राकृतिक सम्पदा चोरीनिकासी नरोकिए तराई मरुभूमि बन्ने खतरा

गैंडाटार, बागमती, चाँदी, भोलनटार, नुनथर र धन्सरलगायत क्षेत्रबाट ढुंगागिटी संकलन कार्य भइरहेको सकारे।

चुरेक्षेत्र संरक्षणलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखेर राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको भए पनि जाथाभाबी ढुंगाबालुवा संकलनले यो प्रभावकारी नभएको देखिन्छ। प्राकृतिक सम्पदाको दोहन चरम रूपमा भइरहेकाले यसले पर्यावरणमा नकारात्मक असर परिरहेको वातावरणविज्ञ रुद्रनारायण झाले बताए। चुरे क्षेत्रबाट दिनदिनै भइरहेको यस किसिमको दोहन नरोकिए तराईको उर्वरभूमि मरुभूमिमा परिणत हुनुका साथै ठूलो नोक्सानी बेहोर्नुपर्ने खतरा उब्जिएकाले तत्काल रोक्नुपर्ने झाको सुझाव छ। चुरे दोहनले भूक्षय तीव्र भइरहेको बातावरणविज्ञ झा बताउँछन्। चुरे संरक्षण नभए यहाँका पहाड पहिरोले बगाएर बंगालको खाडीमा पुऱ्याउने झाले बताए।

मधेस आन्दोलनका बेला चुरे माफियाहरू प्राकृतिक सम्पदालाई तहसनहस पार्दै ढुंगागिटी तस्करीमा लागेको पाइएको छ। आन्दोलन रोकिए पनि चुरे दोहन यथावत् छ। तर सम्बन्धित निकायले नियन्त्रणतर्फ ध्यान दिएको छैन। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका लागि बर्सेनि राज्य कोषबाट करोडौं रकम खर्चिए पनि अनुगमन गर्ने निकाय फितलो भएका कारण दिनदिनै चुरे क्षेत्र उजाड बन्दै गएको सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य कृष्ण तिमल्सिनाले बताए। चुरे दोहन भइरहँदा पनि प्रशासन र वनका कर्मचारी मौन बसेको आरोप उनको छ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Railways
Railway and MonoRail Development Project
Kathmandu
Notice No.: 02/072/073
First Date of Publication: March 2016

Invites Expression of Interest (EOI) for Consultancy Services for the Detail Survey and Design of Butwal– Lamahi; Lamahi– Kohalpur – Nepalgunj; Kohalpur – Sukhkhad and Sukhkhad – Gaddachowki Electrified Railway Line(HSR)

1. In order to meet the growing passenger and freight transport demand, Government of Nepal has long felt the necessity of development of railway as an alternative land transport mode for faster and cheaper movement of freight and passenger traffic. In pursuance to the objective, GoN through consultants has completed the feasibility study for constructing proposed new Railway lines in Nepal which include Mechi-Mahakali Railway (945 km), Pokhara –Kathmandu railway including its connection to Mechi-Mahakali railway (259 km) and six connection links from Mechi- Mahakali Railway to Indian Railway network totaling approximately 113 km. The feasibility study has recommended Broad gauge (1676 mm) Railway system capable of handling an axle load of 25t for bridges and 22.9t for track but presently GoN has realized that to make the railway system self-sustainable and to make it possible to compete with other mode of transport, high speed railway system is necessary. Hence, as per the direction of GoN all remaining study of Mechi- Mahakali Railway is to be designed as high speed railway system over appropriate gauge.
2. Ministry of Physical Infrastructure and Transport, Government of Nepal now plans to initiate construction of an Electrified High Speed Railway Line from Butwal to Gaddachowki (406km), a section of the proposed Mechi-Mahakali Railway and the border connection at Nepalgunj from Kohalpur(14 km) in four packages and has allocated budget for the Detailed Design and preparation of Detailed Project Report.
   Package I: Detail Survey and Design of Electrified Railway Line (HSR) for Butwal – Lamahi(115 km)
   Package II: Detail Survey and Design of Electrified Railway (HSR) Line for Lamahi– Kohalpur (102 km) & Kohalpur– Nepalgunj link (14 km)
   Package III: Detail Survey and Design of Electrified Railway Line (HSR) for Kohalpur – Sukhkhad(95 km)
   Package IV: Detail Survey and Design of Electrified Railway Line (HSR) for Sukhkhad – Gaddachowki (94 km)
3. The objective of the assignment shall be to prepare Detail Design, Cost Estimate and Bid Documents of the project for the construction of proposed High Speed Electrical Railway Line based on the Feasibility Study and findings of additional studies/ investigations conducted during the detail design work. The duration of the consultant's services for each package is estimated to be Fifteen (15) months.
4. Expected date of commencement of the assignment is Oct. 2016.
5. Department of Railways on behalf of Ministry of Physical Infrastructure and Transport, Government of Nepal, invites eligible consultants to indicate their interest in providing the services. Interested consultants must provide information indicating that they are qualified to perform the services. Consultants may associate to enhance their qualifications and are encouraged to make association with the local Nepalese Consultants.
6. Consultants will be selected in accordance with the procedures set out in the Procurement Act2063 B.S. and Procurement Rules 2064B.S.
7. The Consultant and its team shall possess significant knowledge and proven experience in the planning and design of high speed electrical railway systems, their operations and technical documentation necessary for their operations, and implementation. In order to determine the capability and experience of the consulting firms seeking to be short listed, the information submitted should include the following for each package separately:
   - Company profile, organization
   - Annual turnover for consecutive five years ending 2015.
   - Details of experience of similar assignments undertaken in the previous five years,
   - Details of work experience of working in similar geographic region/country,
   - Information regarding related professional staff and their field of expertise.
8. The EOI document should be collected from the following address free of cost. The document may also be downloaded for the reference purposes from www.moppw.gov.np and www.dorw.gov.np. Interested consultants may obtain further information at the address below during office hours (10:00 to 15:00 local time).
9. Expressions of interest must be delivered to the address below by 14:00 hours local time on or before the 31st day from the date of first publication of this notice. If the last date of submission of EOI happens to be a public holiday, the next working day shall be considered as the last date of submission. The EOI submitted shall be opened at 13:00 hours on the next working day in the presence of representatives of Department of Railways and representatives of consulting firms.
10. Only the shortlisted consultants will be invited to submit Technical and Financial proposal(RFP)
    Department of Railways, Ram MandirMarg, Battisputali, Kathmandu,Nepal
    Tel.No.: 977-1-4492918;Fax No: 977-1-4492919

Director General